# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रुपन्देही, ५ नं. प्रदेश, नेपाल

**सुचना नं.०४/०७४/०७५ (निर्माण)**

**दोस्रो पटक प्रकाशित मिति २०७४।८।१५**

तिलोत्तमा नगरपालिका कार्यालयको आ.व. ०७४।०७५ को स्वीकृत कार्यक्रम अनुसार निम्नानुसारको निर्माण कार्य e-bidding को माध्यमबाट गराउनुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रहि रितपुर्वकको e-bidding द्वारा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरु</u> :–

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) यस नगरपालिकाको एन आई सि एशिया बैक मणिग्राम शाखामा रहेको संचित कोष खाता हि. नं. ए ५ सि ए ४९९५९९५२४००१ मा जम्मा गरेको भौचर सहित निर्माण व्यबसायीले व्यबसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु. अ. कर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र संलग्न गरी www.bolpatra.gov.np बाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्म खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्र सम्बन्धी कागजात ३१ सौं दिन दिनको १२:०० बजे सम्म www.bolpatra.gov.np मा दर्ता गराउनु पर्नेछ ।

२. उल्लेखित बोलपत्र सम्बन्धि कागजातमा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरी दर्ता गर्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु अन्तिम दर्ता गर्नु पर्ने दिनको २:०० बजे कार्यालयका प्रतिनिधीहरु र बोलपत्रदाता वा निजका प्रतिनिधीहरुको रोहवरमा तिलोत्तमा नगरपालिका कार्यालयको हाताभित्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमाजिम हुनेछ ।

४. बोलपत्र साथ बोलपत्र जमानत तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुपन्देही, ५ नं. प्रदेश , नेपालको नाममा कृषि बिकास बैंक भैरहवा शाखामा रहेको धरौटी खाता नं. ०४१४६०११४५१७८०१६ मा नगद जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै बाणिज्य बैंकबाट तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुपन्देही, ५ नं. प्रदेश, नेपालको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्वर अनिवार्य रुपमा उल्लेख भएको बोलपत्र जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको) पेश गर्नु पर्नेछ । बैंक मार्फत बोलपत्र जमानत पेश गर्नेहरुको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको बोलपत्र जमानत फाराम अनुसार नै पेश भएको मात्र मान्य हुनेछ ।

५. टर्नओभर, कार्यअनुभव, जनशक्ति, उपकरण एवं आर्थिक पक्षहरु बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भए अनुसार पेश गर्नु पर्ने छ । संयुक्त उपक्रमको हकमा मुख्य साझेदार (लिड पार्टनर)को हिस्सा कम्तिमा ४०% तथा अन्य साझेदारहरुको हिस्सा कम्तिमा २५% हुनु पर्नेछ ।

६. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुपन्देही ५ नं. प्रदेश नेपाल फोन नं. ०७१-५६२९७९, ५६१२३०, ५६०२३० मा सम्पर्क गर्न सकिनेछ ।

७. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाईएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालो सूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

८. बोलपत्रदातालाई बोलपत्र पेश गर्नु अगाडी आफ्नै खर्च र जिम्मेवारीमा कामको स्थलगत भ्रमण गरी कामको बारेमा स्थलगत जानकारी लिन अनुरोध गरिएको छ साथै प्रि-विड मिटिङ सुचना प्रकाशित भएको मितिले १६औ दिनका दिन तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुपन्देही ५ नं. प्रदेश नेपालमा दिनको २:०० बजे हुनेछ ।

९. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुपन्देही, ५ नं. प्रदेश , नेपालमा निहित हुनेछ ।

१०. यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ सशोधन सहित) बमोजिम हुनेछ ।

११. यो सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np र तिलोत्तमा नगरपालिका कार्यालय को Website:www.tilottamamun.gov.np मा समेत उपलब्ध छ ।

**<u>तपसिल</u>**

| क. | ठे. नं. | बिवरण | औसत बार्षिक टर्नओभर (१० बर्षभित्रको उत्कृष्ट ३ बर्ष) | धरौटी रकम | बोलपत्र दस्तुर | उस्तै प्रकृतीको काम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०४/०७४/०७५ | भ्यू टावर निर्माण | ३,७९,५०,०००।- | २५,४०,०००।- | १०,०००।- | ८,०९,६०,०००।- | |

कार्यकारी अधिकृत

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत